# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

# तेस्रो राष्ट्रिय लघु वित्त सम्मेलन काठमाडौंमा सुरु

(प्रमुख अतिथि गभर्नर खतिवडाद्वारा उद्घाटन समारोहलाई सम्बोधन)

"सामाजिक उत्तरदायित्व र दिगोपन सहितको लघुवित्त" भन्ने मूल नाराका साथ फागुन ३ मा सुरु भई ५ गते सम्पन्न हुने तेस्रो लघुवित्त सम्मेलन काठमाडौँमा सुरु भयो । सो सम्मेलनलाई गभर्नर डा. युवराज खतिवडाले प्रमुख अतिथिको रूपमा सम्बोधन गर्नुभयो ।




कार्यक्रममा मन्तव्य प्रस्तुत गर्नुहुँदै गभर्नर डा. खतिवडाले यस प्रकारका सम्मेलनले नेपालको लघुवित्त क्षेत्रको उपलब्धिको मूल्याङ्कन गर्नुका साथै भावी दिशा निर्दिष्ट गर्नुपर्ने बताउनुभयो । यस क्षेत्रका समस्याहरू सरकार वा नियामक संस्थासँग भए पनि सर्बप्रथम लघुवित्त सेवाभित्रै रहेको समस्याको पहिचान गरी तिनको निराकरण गर्नु पहिलो आवश्यकता रहेको धारणा राख्नुभयो ।

सम्मेलनलाई उपलब्धिपूर्ण बनाउनका लागि दुविधा नराखी नीतिनिर्मातालाई सुझाव दिन आग्रह गर्दै गभर्नर खतिवडाले गरिबीको बदलिँदो बहुआयामिक परिभाषा मध्ये लघुवित्तले कुन कुन पक्षलाई समेट्नु पर्छ भन्ने स्पष्ट हुन आग्रह गर्नुभयो । लघुवित्त भन्ने वित्तिकै विना धितो कर्जा प्रवाह गर्नु भन्ने बुझिने गरेको सन्दर्भमा एउटै संस्थाले विना धितो र धितो सहतको कर्जा कारोवार गर्नु कति उपयुक्त हुन्छ भन्ने कुरामा समेत स्पष्ट हुनुपर्ने बताउनुभयो । लघुवित्तीय संस्थाले सर्बसाधारणबाट वचत सङ्कलन गर्ने हो भने नियामक निकायले नगद मौज्दात, पुँजी पर्याप्तता, तरलता अनुपात, कर्जा-निक्षेप अनुपात जस्ता पक्षको नियमित सुपरिवेक्षण समेत गर्नु आवश्यक पर्दछ भन्नुहुँदै उहाँले लघुवित्त संस्थाको गैरसदस्यबाट वचत परिचालन गर्दा यी नियमहरूको पालना गर्नुपर्ने बताउनुभयो । लघु ऋणको सीमामा स्पष्टता आवश्यक पर्ने भन्दै उहाँले ऋणीले कर्जा उपभोग गर्दा निश्चित समयपछि गरिबीको रेखामाथि पुग्नुपर्ने र यसमा नै कर्जा उपलब्ध गराउने संस्थाको सफलता मापन हुने आसय व्यक्त गर्नुभयो ।

लघुवित्तीय संस्था सामाजिक पक्षका साथै वातावरणीय पक्षमा समेत उत्तिकै उत्तरदायी हुनु आवश्यक रहेको चर्चा गर्दै उहाँले यस पक्षमा सम्मेलनबाट स्पष्ट धारणा आउने अपेक्षा राख्नुभयो । सम्मेलनले लघुवित्तको छाता नियमनकारी निकाय, गुणात्मक सेवा विस्तार एवम्

सीमान्त वर्गमा वित्तीय पहुँच अभिवृद्धि, नयाँ संस्थाको इजाजत प्रदान सम्बन्धमा व्यापक छलफल गरी नीति निर्माताका लागि स्पष्ट मार्गदर्शन प्राप्त हुने विश्वास व्यक्त गर्दै उहाँले लघुवित्त संस्थाले आफ्नो संस्थागत प्रवर्द्धन खर्च कटाएपछिको नाफामा कर नलाग्ने व्यवस्थाको माग कति युक्तिसङ्गत छ, त्यसमा थप छलफल हुनुपर्ने धारणा राख्नुभयो ।

सामाजिक व्यवसायमा नाफा नभई सामाजिक आर्थिक रूपान्तरण र उत्तरदायित्व प्रमुख हुने बताउनुहुँदै उहाँले संस्था सीमित मुनाफा सहित दिगो रूपमा सञ्चालन हुनु पर्ने तथा संस्थामा आन्तरिक नियन्त्रण र स्वनियमन आवश्यक रहेको स्पष्ट पार्नुभयो । नेपाल राष्ट्र बैंकले अहिले वित्तीय पहुँचको कुरा जोडतोडका साथ उठाएको स्मरण गराउँदै गभर्नर खतिवडाले नेपाल राष्ट्र बैंक लघु वित्तको प्रवर्द्धनमा सदा सहयोगी हुनेछ भन्दै सम्मेलन आफ्नो उद्देश्यमा पूर्ण सफल रहोस् भनी शुभकामना दिनुभयो ।

गरिबीको रेखामुनि रहेका परिवारलाई लघुवित्त सेवा पुर्‍याउन लघु वित्त क्षेत्रमा कार्यरत सम्पूर्ण संघ, संस्थालाई प्रतिबद्ध गराउने यस सम्मेलनको मुख्य लक्ष्य रहेको छ । राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, गरिबी निवारण कोष, लघुवित्त अभ्यासी, प्रवर्द्धनकर्ता, राष्ट्रिय तथा अन्र्तराष्ट्रिय गैरसरकारी सङ्घसंस्था लगायत ३५ संस्थाहरूको आयोजनामा सुरु भएको यो सम्मेलन गरिबी निवारणमा विश्व समुदायको शक्ति लगाउन आह्वान गर्दै यस सम्मेलनले लघुवित्त क्षेत्रका समस्या, चुनौती तथा नीतिगत अवरोधको विश्लेषण गर्दै यस क्षेत्रको विकास र प्रवर्द्धनका रणनीतिहरू तय गर्ने अपेक्षा गरिएको छ । सम्मेलनमा लघुवित्त सम्बन्धी नीति निर्माता, लघुवित्त क्षेत्रका कार्यरत लघुवित्त विकास बैंकहरू, वित्तीय मध्यस्थता गर्ने गैरसरकारी संस्थाहरू, वचत तथा ऋण सहकारी संस्थाहरू, वाणिज्य बैंकहरू, वीमा कम्पनीहरू, वित्त कम्पनीहरूका उच्च व्यवस्थापन, लघुवित्त प्रवर्द्धक, लघु वित्त क्षेत्रका विज्ञ, विकास साझेदार संस्थाका प्रतिनिधिहरू, प्राध्यापक, विद्यार्थी, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि लगायत ८०० व्यक्तिहरूको सहभागिता रहेको छ ।

२०६९ फागनु ३ गते बिहिवार

गभर्नरको कार्यालय